प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर
Inspector General of Police Basanta Bahadur Kunwar
Chief of Nepal Police

नेपाल प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौँ, नेपाल ।
Nepal Police Headquarters,
Naxal, Kathmandu, Nepal

# ६८ औं प्रहरी दिवस तथा विजयादशमी - २०८० को सन्देश

६८ औं प्रहरी दिवस एवम् नेपालीहरूको महान् चाड बडा दशैं, शुभ दीपावली, नेपाल सम्वत् तथा छठ पर्व २०८० को पावन अवसरमा नेपाल प्रहरीका सकल दर्जाका प्रहरी कर्मचारीहरू, सेवानिवृत्त प्रहरी कर्मचारीहरू, प्रहरी परिवार तथा अमर प्रहरीका स्वजनमा व्यक्तिगत तथा पारिवारिक सुस्वास्थ्य, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

प्रहरी दिवसको यस पवित्र घडीमा नेपाल प्रहरीका अमर सपूतहरूले राष्ट्रसेवामा देखाएको अदम्य साहस, निष्काम कर्म, निष्ठा र सेवाभावको मुक्तकण्ठले प्रशंसा गर्न चाहन्छु । यस अवसरमा प्रातः स्मरणीय ती तमाम वीर अमर प्रहरीहरू प्रति वहाँहरूको अतुलनीय योगदानको उच्च कदर गर्दै संगठनको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछु । यसैगरी, कर्तव्यपालनाको सिलसिलामा घाइते हुनुभएका सकल दर्जाका प्रहरी कर्मचारीहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्दछु।

आफ्नो स्थापनाकालदेखी नै नेपाल प्रहरीमा कर्तव्यनिष्ठ, लगनशील र संगठनप्रति निष्ठावान् रही कानूनप्रद्धत जिम्मेवारीहरू इमानदारी एवं व्यावसायिक ढंगले सम्पादन गर्दै संगठनको ओज जाज्वल्यमान  बनाइ राख्न हाम्रा अग्रजहरूले निर्वाह गर्नुभएको अथक संघर्षप्रति उच्च सम्मानभाव प्रकट गर्दै वहाँहरुप्रति संगठन अनन्त कालसम्म ऋणी रहने र वहाँहरूले कोर्नुभएको मार्गभित्र प्रत्येक प्रहरी कर्मचारीको प्रेरणाको श्रोतको रूपमा रहने विश्वास लिएको छु ।

समाजमा देखा परेका नवीनतम चुनौतीहरूलाई सामना तथा सफलतापूर्वक परास्त गर्दै निर्दिष्ट जिम्मेवारी पूरा गर्ने सामर्थ्य सकारात्मक सोचबाट लक्षित प्रहरीबाट मात्र सम्भव हुन्छ । यसका लागी सकारात्मक सांगठनिक वातावरण निर्माण गर्न लिइएका पहलकदमी र हासिल भएका उपलब्धिहरूको असल अभ्यासलाई आत्मसाथ गर्दै संगठनलाई नागरिक सेवाको पर्याय बनाई सांगठनिक सुदृढीकरण तथा शुद्धीकरणका लागि लागू गरिएको "नेपाल प्रहरीको कार्य योजना-२०८०" लाई आ-आफ्नो क्षेत्रबाट सफल बनाउन प्रतिबद्धताका साथ लाग्नु हुनेमा विश्वस्त छु ।

हाम्रो जस्तो बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषिक विविधतायुक्त समाजमा शान्ति र सुव्यवस्था बनाईराख्ने कार्य चुनौतीपूर्ण हुँदै गइरहेको परिप्रेक्ष्यमा कानुनको परिपालना तथा कार्यान्वयन गर्ने कार्यमा दृढ संकल्पित रहँदै आफूले निर्वाह गर्नुपर्ने दायित्व तथा जिम्मेवारीलाई देश र नागरिक सेवामा पाएको अवसरका रूपमा ग्रहण गर्दै उच्च मनोबलका साथ दरिएर निर्वाह गर्नुहुन निर्देशन दिन चाहन्छु ।

अन्त्यमा, कानुनको परिपालना तथा कार्यान्वयनमा अविचलित रही व्यावसायिक निष्ठाका साथ कर्तव्यपथमा परिचालित हुन थप ऊर्जा एवं प्रेरणा मिल्नेछ भन्ने शुभेच्छाका साथ प्रहरी दिवस र चाडपर्वहरूको मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद, जय नेपाल !**

पोष्ट बक्स नं. ४०७, कार्यालय: ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स: ९७७-१-४४१५५९३
ईमेल: phqigs@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np,
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ।